नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह क्षमता विकास शाखा)

पत्र संख्या : २०७५।७६

चलानी नं: ९५

फोन नं ४२००३०६, ४२००३३६

मिति: २०७५/०६/०२

श्री उपमहा/नगरकार्यपालिकाको कार्यालयहरु , (प्रदेश नं. ५,६ र ७)
बर्दघाट, सैनामैना, नेपालगञ्ज, कोहलपुर, घोराही, नारायण, विरेन्द्रनगर, दुल्लु, लेकबेसी, पञ्चपुरी, भेरीगंगा, धनगढी, टिकापुर, गोदावरी, शुक्लाफाँटा, भीमदत्त, गुलरिया, तुलसीपुर, अमरगढी, पाटन र साफेबगर ।

विषय: राष्ट्रिय भवन निर्माण संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागिता ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक सहायता प्रदान गर्न सञ्चालित "दरो घर दिगो बस्ती" कार्यक्रम अन्तर्गत स्थानीय सरकारका जनप्रतिनिधिहरु र राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयनमा प्रत्यक्ष संलग्न रहने अधिकारीहरुका लागि तपसिलको मिति, समय र स्थानमा दुईदिने आवासीय प्रशिक्षण कार्यशाला कार्यक्रम आयोजना गरिएको हुँदा तहाँ कार्यालयबाट प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र नक्सापास प्राविधिक अधिकृतको उपस्थितिका लागि आदेशानुसार अनुरोध छ । साथै कार्यक्रम सम्बन्धी विस्तृत जानकारी पत्र साथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

तपसिल:

मिति: २०७५ असोज ५ र ६ गते

स्थान: शुभ होटल, विरेन्द्रनगर, सुर्खेत

समय: बिहान १० देखि ५ बजे सम्म

* थप जानकारीको लागि सम्पर्क व्यक्ति:

वरिष्ठ स्ट्रक्चरल ईन्जिनियर श्री सुमन प्रधान (कार्यक्रम व्यवस्थापक)

सम्पर्क नं. - ९८५११५२३१२, email: spradhan@nset.org.np

2075/06/02

(मिनाक्षी भूर्तेल)

शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा विद्युतीय शासन शाखा, (Website मा Upload गरिदिनु हुन ।)

## स्थानीय तहका लागि

## राष्ट्रिय भवन निर्माण संहिता प्रभावकारी कार्यान्वयनको लागि प्रशिक्षण कार्यशाला

**पृष्ठभूमिः**

शहरी विकास तथा भवन निर्माण विभागको मार्गनिर्देशन तथा नगरपालिकाहरुको नेतृत्वमा राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयनका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज– नेपाल (NSET) ले प्राविधिक सहायता पु-याउदै आएको छ। सन् २०१२ देखि २०१६ सम्म नेपालका नगरपालिकाहरुमा भवन निर्माण संहिता कार्यान्वयन कार्यक्रम (Building Code Implementation Program in Nepal, BCIPN) सफलतापूर्वक कार्यान्वयन गरिएको थियो । उक्त कार्यक्रम अन्तर्गत मुलुकभरका ३० वटा नगरपालिकाहरुमा भवन निर्माण संहिता अनुरुप भवन निर्माणका लागि आवश्यक प्रणाली र पद्धतिहरुको विकास गर्ने तथा प्रभावकारी कार्यान्वयनका लागि नमूना कार्य गर्ने दिशामा महत्वपूर्ण काम भएका थिए । नेपालमा भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वियन गर्ने अभियानलाई संस्थागत गर्दै निरन्तरता दिने उद्देश्यले एनसेटले हाल देशका थप ३० वटा नगरपालिकाहरुमा भवन संहिता कार्यान्वयनका लागि प्राविधिक सहायता कार्यक्रम "दरो घर दिगो बस्ती" Technical Support for Building Code Implementation In Nepal (TSBCIN) संचालन गरिरहेको छ । सन् २०१७ देखि २०१९ सम्म सञ्चालन हुने यो कार्यक्रमको मुख्य ध्येय भवन निर्माण संहिता कार्यान्वयन सम्बन्धी सचेतना, तालिम र संस्थागत प्रणाली विकासका कार्यहरु मार्फत स्थानीय तहहरुलाई भवन निर्माण संहिता कार्यान्वयन गर्न सघाउने रहेको छ ।

यस "दरो घर दिगो बस्ती" कार्यक्रम अन्तर्गत स्थानीय तहका जनप्रतिनिधिहरू र राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयनमा प्रत्यक्ष संलग्न रहने अधिकारीहरूको लागि दुई दिने प्रशिक्षण कार्यशाला आयोजना गरिएको छ। यस कार्यशालाले नयाँ बन्ने सम्पूर्ण घरहरुलाई भूकम्प प्रतिरोधी वनाउनका लागि भवन निर्माण इजाजत प्रक्रियाको विकास, कार्यान्वयन तथा उपयुक्त नियमन र नियन्त्रण प्रणालीको विषयमा सबै स्थानीय सरकारहरूको बुझाइमा एकरूपता ल्याउन मद्दत गर्ने अपेक्षा गरिएको छ।

**कार्यशालाको उद्देश्यः**

- नेपालका सबै नगरपालिकाहरु नक्सापास प्रक्रिया र भवन निर्माण संहिता कार्यान्वयनमा एकरुपता गर्न सहयोग गर्नेछ ।
- नगरपालिकाहरुको योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा पुर्वतयारीका गतिविधिहरु समावेस गर्न सहयोग गर्नेछ।

**सहभागीहरुः**

प्रदेश नं ५, ६ र ७ को बर्दघाट, सैनामैना, नेपालगञ्ज, कोहलपुर, घोराही, नारायण, बिरेन्द्रनगर, दुल्लु, लेकबेसी, पन्चपुरी, भेरीगंगा, धनगढी, टीकापुर, गोदावरी, सुक्लाफाँटा, भीमदत्त, गुलरिया, तुलसीपुर, अमरगढी, पाटन र साफेंबगर नगरपालिकाका नगर प्रमुख, नगर उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र प्राविधिक प्रमुख सहभागि रहनेछन् ।

**अपेक्षित नतिजाः**

- राष्ट्रिय भवन निर्माण संहिता प्रभावकारी कार्यान्वयनका लागि सहयोग गर्ने ।
- नक्सापास प्रक्रियालाई अझ सरल, व्यवस्थित र प्रभावकारी बनाउन सहयोग गर्ने।
- शहरी विकास रणनीति तथा भवन ऐन बारेमा जानकारी गर्ने।

**पद्धतिः** कार्यक्रममा मुख्य गरी विचार विर्मश, अन्तरक्रियात्मक र सामुहिक छलफल रहनेछ ।

**मिती र समयः** असोज ५ र ६ गते विहान १०:०० देखी ५:०० सम्म । यो कार्यक्रम दुई दिने आवासीय रहेनेछ ।

**स्थानः** बिरेन्द्रनगर नगरपालिका, सुर्खेत, नेपाल।

**आयोजकहरुः**

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- शहरी विकास तथा भवन निर्माण विभाग
- बिरेन्द्रनगर नगरपालिका
- भूकम्प प्रविधि राष्ट्रिय समाज– नेपाल

### कार्य तालिका

| समय | | क्रियाकलाप | समय | | क्रियाकलाप |
|---|---|---|---|---|---|
| देखि | सम्म | पहिलो दिन | देखि | सम्म | दोस्रो दिन |
| १०:०० | १०:१५ | नामाङ्कन | ९:०० | ९:१५ | पहिलो दिनको समिक्षा |
| १०:१५ | ११:१५ | शुभारम्भ र स्वागत<br>प्रशिक्षण कार्यशालाको उद्देश्य<br>विषय प्रवेश | ९:१५ | ११:१५ | सम्भावित भवन निर्माण अनुमति प्रक्रियामा अन्तरक्रिया |
| ११:१५ | ११:३० | लघु विश्राम | ११:१५ | ११:३० | लघु विश्राम |
| ११:३० | १२:३० | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवधारणा र विद्यमान नीति, रणनीति, ऐन र कानुन | ११:३० | १२:३० | भवन निर्माण संहिता कार्यान्वयनको मूल्याङ्कन प्रणाली |
| १२:३० | १३:०० | भूकम्प सुरक्षाको आधारभूत अवधारणा | १२:३० | १३:३० | भूकम्प प्रतिरोधी भवन निर्माणको प्रविधिहरु |
| १३:०० | १३:४५ | दिवा खाजा | १३:३० | १४:१५ | दिवा खाजा |
| १३:४५ | १४:४५ | शहरी विकास योजनामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको महत्व र प्रक्रिया | १४:१५ | १५: १५ | विपद् प्रतिकार्यको खाका |
| १४:४५ | १५:१५ | नेपालको राष्ट्रिय भवन निर्माण संहिताको परिचय | १५:१५ | १५:३० | कार्यशालाको मुल्यांकन |
| १५:१५ | १५:३० | लघु विश्राम | १५:३० | १५:४५ | लघु विश्राम |
| १५:३० | १७:३० | तत्कालिन भवन निर्माण अनुमति प्रक्रियाको नमुना अभ्यास | १५:४५ | १७: ३० | समापन समारोह |